# रूपन्देही क्याम्पस जर्नल

## Rupandehi Campus Journal

२

रूपन्देही क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

**Rupandehi Campus**
Siddharthanagar, Rupandehi

# रूपन्देही क्याम्पस जर्नल
# (Rupandehi Campus Journal)

अङ्क २, २०७४ जेठ

Volume 2, 2017 June

**संरक्षक**

बाबुराम अर्याल

क्याम्पसप्रमुख

**सम्पादन**

प्रा.डा. कपिलदेव लामिछाने

प्रा.डा. गितु गिरी

सहप्रा. डिल्लीराज भट्टराई

रूपन्देही क्याम्पस सिद्धार्थनगर

Rupandehi Campus Siddharthanagar

# विषयसूची

भोजपुरी गाउँखाने कथाको सांस्कृतिक अध्ययन — प्रा. कपिलदेव लामिछाने / १

विजय मल्ल र उनको अनुराधा उपन्यासको विश्लेषण — डिल्लीराज भट्टराई / १५

Tilaurakot: Capital City of Ancient Kapilavastu — Prof. Gitu Giri /२४

Project Learning Practice — Balmukunda Upadhayay/३२

Struggle of Individuals against Social Forces — *Parthivendra Upadhyaya & Dharma Raj Bhandari* /४२

# विजय मल्ल र उनको अनुराधा उपन्यासको विश्लेषण

-डिल्लीराज भट्टराई
सहप्राध्यापक

*प्रस्तुत समालोचनात्मक लेखमा अनुराधा उपन्यासको मनोवैज्ञानिक अध्ययन गरिएको छ । यस क्रममा उपन्यासकार विजय मल्लको परिचय दिई, उनको औपचारिक यात्रा र प्रवृत्ति बारे चर्चा गर्दै उपन्यासका तत्वका आधारमा अनुराधा उपन्यासको बारेमा प्रकाश पारिएको छ । उपन्यासमा सामाजिक, पारिवारिक विसङ्गति जस्ता विषयको सूक्ष्म सङ्केत गरिए पनि प्रस्तुत लेखमा यसको मूल प्राप्ति र उपलब्धि भनेको मनोविश्लेषण नै हो भन्ने निष्कर्ष निकालिएको छ ।*

## १. विषय प्रवेश

उपन्यास नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये अत्यन्त प्रचलित र लोकप्रिय विधा हो । उप+नि+अस+धञ् को संयोजन गरी निर्माण भएको उपन्यास शब्दको शाब्दिक अर्थ कुनै वस्तुलाई कसैको नजिक राखेर हेर्नु भन्ने हुन्छ । पूर्वमा उपन्यास र पश्चिममा नोबेल भनेर चिनिने यस विधाले मानव जीवनका विभिन्न पक्षको चित्रण गर्दछ । जीवन जगत्का विविध विषयवस्तुलाई अंगालेर रचना गर्न सकिने उपन्यास विधामा मानव समाजको प्रस्तुति हुन्छ । जीवनलाई आत्मसात गर्न सक्ने विधाका रूपमा उपन्यास चर्चित र प्रसिद्ध रहेको छ । उपन्यासको मूल पृष्ठभूमि खोज्दै जाँदा पौराणिक आख्यानसम्म पुग्न सकिन्छ भने पूर्वीय साहित्यमा भरतले उपपत्तियुक्त अर्थमा उपन्यासको प्रयोग गरेको देखिन्छ । यसरी नै भामह, दण्डी विश्वनाथ आदि विद्वान्हरूले पनि उपन्यास शब्दको प्रयोग गरेका छन् । पश्चिमी साहित्यमा सन् १७१९ मा प्रकाशित ड्यानियल डिफोको रविन्सन क्रुसो आएपछि मात्र विश्व साहित्यमा उपन्यासको प्रारम्भ भएको देखिन्छ । पूर्व र पश्चिमको आख्यानको पृष्ठभूमिलाई हेर्दा यसको इतिहास निकै प्राचीन रहेको र मानव सभ्यताको लामो इतिहाससँगै लामा कथाहरूको सम्बन्ध जोडिन थालेपछि उपन्यासको सुरुवात भएको ठानिन्छ ।

नेपाली उपन्यासको इतिहासलाई हेर्दा १८२७ को शक्तिवल्लभ अर्यालको महाभारत विराट पर्व सम्म पुग्नु पर्ने हुन्छ । यस कृतिलाई नै आजसम्म नेपाली आख्यान साहित्यकै इतिहासमा प्रथम कृति मानिन्छ । यो आख्यानात्मक संरचना भएको अनूदित कृति हो । यसैबाट प्रारम्भ भएको नेपाली उपन्यासको इतिहास क्रमशः विकसित हुँदै १९९१ मा आधुनिक कालमा प्रवेश गरेको र त्यसपछि विभिन्न औपन्यासिक धारा र प्रवृत्तिसँगै उपन्यास विधा अघि बढेको पाइन्छ ।

## २. मल्लको पचिय र उनका औपन्यासिक प्रवृत्ति

काठमाडौंको ओमबहालमा माता आनन्दकुमारी र ऋद्धिबहादुर मल्लका पुत्ररत्नका रूपमा जन्मिएका विजय

मल्ल (१९८२ र २०५६) साहित्यकार गोविन्द गोठालेका भाइ हुन् । विज्ञान विषयमा प्रमाणपत्र तहसम्मको औपचारिक अध्ययन गरेका मल्लले आफ्नो साहित्ययात्रा कविता लेखनबाट प्रारम्भ गरेको देखिन्छ । कविताबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका मल्ल १९९७ सालको राजनीतिक उथलपुथलपछि कथा, कविता र नाटक सृजनामा प्रवृत्त भएका प्रतिभा हुन् (सुवेदी, २०६४:२६३) । नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि मल्ल मूलत: नाटककार र एकाङ्कीकारका रूपमा सुपरिचित छन् । मल्ल आधुनिक नेपाली उपत्यासको दोस्रो चरण अन्तर्गत देखापर्ने मनोवैज्ञानिक धाराका उपन्यासकार हुन् । २०१८ देखि २०५६ सम्मको अवधिमा उपन्यास लेखनतर्फ सक्रिय मल्लका अनुराधा (२०१८), कुमारी शोभा (२०३९), श्रीमती शारदा (२०५६) गरी तीनवटा उपन्यास प्रकाशित छन् । साथै उनको नाटक एक चर्चा शीर्षकमा एक लघु आकारको समीक्षाको पुस्तक पनि प्रकाशित छ । संख्यात्मक रूपमा तीनवटा उपन्यासको रचना गरेका मल्लले गोविन्द गोठालेको पल्लोघरको झ्याल (२०१६) बाट प्रारम्भ भएको मनोवैज्ञानिक धारलाई समातेर आफ्नो औपचारिक यात्रा अगाडि बढाएका छन् ।

मनोविश्लेषण मनोविज्ञानको शाखा वा अङ्ग हो । यो मनको विश्लेषण गर्ने पद्धतिसँग सम्बन्धित हुन्छ । यस पद्धति र धारामा केन्द्रित भएर लेखिएका उपन्यासमा बाह्य पक्षभन्दा आन्तरिक पक्षलाई जोड दिइएको हुन्छ । अचेतन मनले चेतन मनमा पारेको प्रभाव कुण्ठा र त्यसबाट सिर्जना हुने ग्रन्थिहरूका अनेकौं समस्याको प्रस्तुति हुन्छ । पात्रहरूको मनोलोकको गहिराइभित्र पसेर तिनको सूक्ष्म चित्रणका साथै दमित यौनवृत्तिले जन्माएका मानसिक विकृति र कुण्ठाको चित्रण गरिएको हुन्छ । फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तबाट प्रभावित हुनु, मनोवृत्तिको अध्ययन गर्नु, घटनाभन्दा चरित्र चित्रणमा जोड दिनु, चेतन, अचेतन मनका विचको द्वन्द्व प्रस्तुत गर्नु मनोवैज्ञानिक धाराका मूल प्रवृत्ति हुन् । यिनै पक्षलाई आत्मसात गर्दै मल्लले तिनवटा औपन्यासिक कृतिहरू रचना गरेका छन् । उनका उपन्यासको विषय मनोविश्लेषण हो र यिनै विषयवस्तुमा केन्द्रित उपन्यासको रचना गर्नु मल्लको मूल अभीष्ट हो ।

मल्ल नेपाली उपन्यास परम्परामा नारी मनोविश्लेषण गर्ने उपन्यासकार हुन् । उनले आफ्ना सबै उपन्यासमा पुरुषका तुलनामा नारी मनको चित्रणमा बढी जोड दिएका छन् । नारीका समस्याको चित्रणमा जोड दिनु नारीका आधारमा उपन्यासको शीर्षक चयन गर्नु यसका दृष्टान्त हुन् । उनको मनोविज्ञान सामाजिक धरातलमा आधारित देखिन्छ । उनले आफ्ना उपन्यासमा समाजमा घटेका घटनाहरूले पात्रको मनमा कस्तो प्रभाव पार्दछ भन्ने कुरा देखाएकाले उनका उपन्यासमा मनोवैज्ञानिक यथार्थता पनि प्रष्ट रूपमा अभिव्यक्त भएको पाइन्छ । यसै गरी उपन्यासकार मल्लमा वस्तु व्याख्याभन्दा चरित्र चित्रणमा जोड दिने प्रवृत्ति पाइन्छ । चरित्र चित्रणमा जोड दिनु, चरित्रप्रधान हुनु मनोवैज्ञानिक उपन्यासको विशेषता पनि हो । यिनका सबै उपन्यासहरू चरित्रप्रधान छन् । उदाहरणका रूपमा अनुराधालाई लिन सकिन्छ । यो उपन्यास अनुराधा र कोमलमानको चरित्र चित्रणमै टुङ्गिएको छ । यसै गरी मल्लको अर्को उपन्यास कुमारी शोभा पनि कुमारी शोभा र उपेन्द्रमानको चत्रिरचित्रण नै सीमित देखिन्छ । यसरी उपन्यासमा अन्य पक्षलाई गौण ठान्दै

चरित्रचित्रणमा जोड दिनु मल्लको अर्को औपन्यासिक विशेषता मानिन्छ ।

मल्ल स्वयम् बौद्धिक स्रष्टा भएकाले उनका उपन्यासमा प्रयोग गरिएका पात्रहरू पनि बौद्धिक र सचेत देखिन्छन् । बौद्धिकताको प्रदर्शनका साथै त्यस किसिमको भूमिका उनका पात्रहरूले निर्वाह गर्ने हुनाले उनका उपन्यास बौद्धिक खालका मानिन्छन् ।

प्रतीक योजना पनि उपन्यासकार मल्लको एक प्रवृत्ति हो । मनोविश्लेषणमा प्रत्येक प्रतीकलाई मानिसको कामवासना र त्यससँग सम्बन्धित क्रियाहरूको द्योतक मानिन्छ । उपन्यासकार मल्लले आफ्ना उपन्यासमा मनोविश्लेषणका लागि आवश्यक पर्ने प्रतीकहरूको प्रयोग गरेका छन् । कोमलमानका अचेतन मनका इच्छा अभिव्यक्त भएको उदाहरणका रूपमा अनुच्छेद तीनको निम्न उद्धरणलाई लिन सकिन्छ । 'एक्लै बन्दुक बोकेर एउटा नोकर हरिलाई पछि लाएर घण्टौं घण्टौं घुमिरहन्थे खालि यस निम्ति कि विस्तृत घना जङ्गलमा आफै बिलाऊ न कि कुनै जनावरहरूको शिकार गरुँ ' (मल्ल २०६९:१४) ।

यसरी कोमलमान सधै बन्दुक बोकेर वनमा जान्छ र उसलाई जङ्गलमा बाघझैं डुल्न मन लाग्छ । यहाँ जङ्गलले स्त्री योनी र बन्दुकले पुरुष लिङ्ग, बाघले आक्रामक कामवासना र घनाजङ्गलको भ्रमण- यौनतुष्टिको प्रतीकका रूपमा आएका छन् । प्रतीक प्रयोगका क्रममा उपन्यासकार मल्लले पात्रका अचेतन मनमा दमित भएर रहेका इच्छा आकाङ्क्षालाई प्रस्तुत गर्ने माध्यम विभिन्न प्रतीक प्रयोगलाई बनाएका छन् । भाषाशैलीका दृष्टिले मल्लले आफ्ना उपन्यासमा व्यावहारिक प्रचलनको भाषा प्रयोग गरेका छन् । प्रथमपुरुष दृष्टिविन्दु संस्मरणात्मक र चेतनाप्रवाह शैलीको प्रयोग गरी उपन्यासको रचना गर्नु उनको भाषाशैलीगत विशेषता हो ।

## ३. अनुराधाको विश्लेषण

२०१८ सालमा प्रकाशित अनुराधा उपन्यासकार विजय मल्लको पहिलो उपन्यास हो । १४ परिच्छेदमा विभाजित र १५१ पृष्ठमा संरचित यस लघु उपन्यासमा अनुराधा र कोमलमानका माध्यमबाट अचेतन मनका विविध पक्षहरूको चिरफार एवं विश्लेषण गरिएको छ ।

### ३.१ कथावस्तु

उपन्यासको कथावस्तु सम्पन्न परिवारमा जन्मेको कोमलमानको आत्मकथाबाट प्रारम्भ भई क्रमिक रूपमा अगाडि बढेको छ । कोमलमान र अनुराधाको आत्मकथामा केन्द्रित प्रस्तुत उपन्यासमा व्याख्यानताका रूपमा कोमलमान 'म' पात्रका रूपमा सम्पूर्ण कथावाचन गर्दछ । घटनाहरूका आधारमा उपन्यासको कथावस्तुलाई दुई भागमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुन्छ । अनुराधाको जीवनसँग सम्बन्धित घटनालाई उपन्यासको मूल कथावस्तु र कोमलमानको जीवनसँग सम्बन्धित घटनालाई सहायक कथावस्तु । यी दुई घटनासँग सम्बन्धित पात्रहरू नै यस उपन्यासका प्रमुख पात्र हुन् । यिनैको मुख्य कथासँग उपन्यास केन्द्रित रहेको छ । १४ परिच्छेदमा विभक्त प्रस्तुत उपन्यासका १ देखि ९ सम्ममा अनुच्छेदहरू कोमलमानका

जीवनसँग सम्बन्धित छन् भने १० देखि १३ सम्मका अनुच्छेदका घटनाहरू अनुराधाका जीवनका विविध पक्षहरूको चित्रण र विश्लेषण गर्नमा केन्द्रित छन् । उपन्यासको अन्तिम परिच्छेद अनुराधा म तिमीलाई प्रेम गर्छु भनी कोमलमानले आफ्नो प्रणय निवेदन गर्न नपाउँदै विक्षिप्त बनेकी अनुराधालाई देखेर निरास बनेको सन्दर्भसँग सम्बन्धित छ । उपन्यासका यी दुवै भागलाई जोड्ने समाख्याताका रूपमा कोमलमान आएको छ ।

यसरी उपन्यासको कथावस्तु सर्सर्ती अध्ययन गर्दा यसमा विकसित भएका निम्न घटनाक्रमको कलात्मक बनोटबाट कथावस्तुको निर्माण भएको छ । आमाको आकस्मिक मृत्युले अत्यन्त विचलित बनेको कोमलमान आफ्नो जमिनदारी भएको ठाउँ वीरगन्जको नजिकै बस्दै गर्दा एक दिन अचानक वीरगन्ज नजिकै रहेको रेलवे स्टेसनमा एउटी महिला अचेत अवस्थामा रहेको होहल्लाको खबर सुनेर त्यहाँ पुग्नु, आकस्मिक रूपमा अनुराधासँग भेट हुनु, विरामीलाई आफ्नो घरमा लैजानु, केही समयपछि होस खुल्नु, त्यसको औषधोपचार गर्ने व्यवस्था मिलाउनु, कोमलमानले आफ्नो परिचय दिनु कोमलमान अनुराधाको सौन्दर्यबाट प्रभावित हुनु, अनुराधाले लखनउको मेडिकल कलेजमा पढ्दै गरेकी अनुराधालाई आमा र दिदीहरूले षड्यन्त्रमूलक ढङ्गबाट डाइरेक्टर रत्नमानसँग विवाहको आयोजना गर्नु, यो षड्यन्त्रमूलक तरिकाले विहे हुने कुराको रहस्योद्घाटन पछि अनुराधा विद्रोही बन्नु, विहे अस्वीकार गर्नु स्थिति तनावपूर्ण बन्नु र कथाले नयाँ मोड लिनु अनपेक्षित विवाहको आयोजनाबाट आक्रोशित र विचलित बनेकी अनुराधामा रत्नमानको हत्या गरी बदला लिने भावना जाग्नु, रत्नमानलाई भौतिक दण्ड दिने प्रयास विफल भएपछि रत्नमानको भाइ समुद्रमानसँग सामीप्यता बढाइ रत्नमानलाई मानसिक पीडा दिनु अनुराधामा परपीडन प्रवृत्तिको विकास हुँदै जानु, अन्तत: अनुराधा स्वयम् मानसिक रूपमा विक्षिप्त बन्नु उपन्यासका प्रमुख घटनाक्रम हुन् । यिनै घटनाहरूको उचित संयोजनमा उपन्यासको कथावस्तु निर्माण भएको छ । यसरी कोमलमानको आत्मकथाबाट कथावस्तु प्रारम्भ भई उसकै आत्मकथामा कथावस्तु टुङ्गिएको छ ।

## ३.२ चरित्रचित्रण

अनुराधा बहुपात्रीय चरित्रप्रधान उपन्यास हो । यस उपन्यासमा विभिन्न प्रकृति र प्रवृत्ति भएका पात्रहरू छन् । कोमलमान, रत्नमान, समुद्रमान, हरि, शम्भु, अनुराधाका बाबु, भाइ, स्टेसन मास्टर रामबाबु, सुन्दरैया, बसन्तिया, कुल्ली ड्राइभर यस उपन्यासका पुरुष पात्र हुन् भने अनुराधा, रमा, अनुराधाकी आमा, दिदीहरू, कोमलमानकी भाउजू, शिला, निर्मला नारी पात्र हुन् । उपन्यासमा देखा पर्ने देवी देवता कुकुर, बिरालो, लुरे, फ्याउरो, परेवा, जङ्गली जनावर मानवेतर पात्र हुन् । संख्यात्मक रूपमा यी विभिन्न पात्रहरूको उपस्थिति रहे नि भूमिकाका आधारमा अनुराधा, कोमलमान र रत्नमान उपन्यासका प्रमुख पात्र हुन् भने अनुराधाकी आमा, दिदी, हरि, रमा, समुद्रमान सहायक पात्र हुन् । कोमलमानका दाइ भाउजू, उसका कामदार, चिया पसले, स्टेसन माष्टर गौण पात्र हुन् । यहाँ प्रमुख पात्रहरूको मात्र चरित्र चित्रण गरिएको छ ।

क) कोमलमान

काठमाडौंको सम्पन्न परिवारमा जन्मे हुर्केको शिक्षित कोमलमान अनुराधा उपन्यासको प्रमुख पात्र हो । प्रवृत्ति र स्वभावका दृष्टिले ऊ अनुकूल र गतिशील पात्र हो । ऊ उपन्यासको कथावस्तुलाई आदिदेखि अन्त्यसम्म लैजाने र उपन्यासको कथा वर्णन गर्ने समाख्याताका रूपमा देखा पर्छ । आमाको अतिशय स्नेहमा हुर्केको कोमलमान आमाको मृत्युपछि एक्लो अनुभव गर्छ । आमाविहीन घरमा बस्नुभन्दा वीरगन्ज नजिकै रहेको आफ्नो जमिनदारीमा गई एकान्तमा बस्ने क्रममा एकदिन उसको अकस्मात् रेल्वे स्टेसनमा अचेत अवस्थामा रहेकी अनुराधासित भेट हुन्छ । भेटपछि उसमा परिवर्तन आउँछ । उसका चारित्रिक विशेषता पहिल्याउन उपन्यासभित्रका उसका आत्मस्वीकृतिले प्रपाप्त सहयोग गर्छ । मैले उडाएको सम्पत्ति, रुपियाँहरू मेरा क्रूरताका लक्षण थिए । (पृ.१६)

यसरी कोमलमानको चारित्रिक विशेषताको निरूपण गर्दा अनुराधासँग भेट हुनु पूर्वको अवस्था र भेट भइसकेपछिको अवस्था गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । अनुराधासँग भेट हुनु पूर्वको कोमलमान विरक्त निराश परिस्थितिको सामना गर्न नसक्ने, मातृरतिग्रन्थिबाट पीडित नारीहरूलाई घृणा गर्ने नारीदेखि डराउने, भाउजूले आफ्नी बहिनी शिलासित विवाहको प्रस्ताव राख्दा अस्वीकार गर्ने कातर स्वतन्त्र नभएको जमिनका माझमा बसेर सबैलाई तर्साइ रहने बुखयाचा जस्तो ठान्ने आफूलाई धुँवा पिएर अग्लिएको ठूलो बरको बोटसँग तुलना गर्ने, यौन असन्तुष्ट विसङ्गतितर्फ उन्मुख पात्रका रूपमा देखा पर्दछ । म मातृशोकले विव्हल भएर जो बाटो हिडिरहेको थिएँ, त्यो मेरो विकृतिको चिन्ह थियो । (पृ.५८)

अनुराधासँगको भेटपछि कोमलमानले आफ्नो जीवनमा नयाँ उत्साह उमङ्ग र ऊर्जा थपिएको अनुभवका साथै आफ्नो जीवनलाई नै परिवर्तन गरेको ठान्दछ । नारीलाई घृणा गर्ने कोमलमान नारीप्रति अनुरक्त बन्दछ र त्यसपछि अनुराधाको अत्यन्त सान्निध्य चाहन्छ । मनोरोगी कोमलमानमा आशाको भाव प्रकट हुन्छ । आमा नै मेरो सबकुछ हुनुहुन्थ्यो । उमेर पुगेपछि पनि म आमाबाट कहिल्यै पृथक् भएको थिइँन, तर जब उहाँको देहावसान भयो, म एक्लिएँ। (पृ.२२) कोमलमानको चरित्र वर्गीय, सामाजिक मात्र नभएर मूलत: अन्तर्मुखी र बौद्धिक पनि छ। नेपाली उपन्यास परम्परामा यस प्रयोगलाई प्रथम प्रयास मान्न सकिन्छ (त्रिपाठी, २०२८:११९)।

निष्कर्षमा भन्दा कोमलमान उदारवादी, मानवतावादी दया र करुणाभाव भएको, किसानहरूको कर्जालगानी माफी गरिदिने, दु:खी असहायका कुरा सुन्ने वित्तिकै सहयोग गर्ने, मनोवैज्ञानिक सत्यको उद्घाटन गर्ने, उपन्यासको घटनालाई गतिदिन र अनुराधाको चरित्र स्पष्ट पार्न महत्वपूर्ण कुरा उद्घाटन गर्न सहयोग गर्ने, उपन्यासकार मल्लको दर्शन प्रस्तुत गर्ने, केन्द्रीय पात्रका रूपमा उसको भूमिका रहेको छ ।

### ख) अनुराधा

अत्यन्त सम्पन्न परिवारमा जन्मे हुर्केकी अनुराधा धनी व्यापारीकी छोरी हो । ऊ यस उपन्यासकी केन्द्रीय नारी पात्र हो । आफ्नो बाल्यकाल कुनै अभावविना व्यतीत गरेकी अनुराधाले कालिम्पोङ, लखनऊ जस्ता सुविधायुक्त ठाउँमा अध्ययन गर्ने अवसर प्राप्त गरेकी छ । ऊ स्वाभिमानी, परम्परागत मान्यता रुढि र अन्धविश्वासको विरोध गर्ने, व्यक्तिगत स्वतन्त्रतामा विश्वास गर्ने, जीवनसाथी रोज्न पाउनुपर्ने अधिकार स्वयम् नारीलाई हुनुपर्छ भन्ने धारणा राख्ने चेतनशील नारी पात्र हो । ऊ भूमिकाका आधारमा प्रमुख प्रवृत्ति स्वभाव र जीवन चेतनाका आधारमा अनुकूल, गतिशील र व्यक्तिगत पात्र हो । चारित्रिक विकासका दृष्टिले अनुराधालाई मूलतः मानसिक समस्याले ग्रस्त र मनोविश्लेषणीय पात्रका रूपमा प्रस्तुत गर्न खोजिएको छ भन्ने कुरा पूर्वार्द्धमा नै देख्न पाइन्छ (कँडेल, २०४०:१३७) ।

अनुराधाको चरित्रलाई विवाहपूर्व र विवाह पछिको अवस्था गरी दुई कालखण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । विवाहपूर्वकी अनुराधा आर्थिक सम्पन्नताका कारणले उच्च अहम्को विकास भएकी, भारतका सुविधायुक्त सहरमा अध्ययन गर्ने अवसर प्राप्त गरेकी, कुनै किसिमको दुःख पीडा अनुभव गर्ने अवस्था सिर्जना नभएको एक स्वतन्त्र व्यक्तिका रूपमा रहेको छ भने षड्यन्त्रपूर्ण ढङ्गले रत्नमानसँग आयोजना गरिएको विवाह पश्चात् स्वपीडन, आत्मरतिभाव, इर्ष्या र बदलाको भाव विकसित भएका छन् । षड्यन्त्रपूर्व विवाहको आयोजनाबाट नै अनुराधाका जीवनमा नयाँ मोड आयो । षड्यन्त्रपूर्ण विवाहको आयोजनामा सबैभन्दा ठूलो भूमिका उसकी आमाको थियो (कँडेल, २०४०:१३९) ।

सानैदेखि बाबुको सामीप्यमा बसेकी अनुराधा रत्नमानसँगको षड्यन्त्रमूलक विवाहको आयोजनापछि विद्रोही बन्छे । हातमा चक्कु लिएर रत्नमानको हत्या गर्ने प्रयास गर्छे । हत्या योजना विफल भएपछि समुद्रमानसित सामीप्यता बढाई रत्नमानलाई मानसिक पीडा थप्छे । अन्ततः स्वयम् मानसिक रूपमा विक्षिप्त बन्छे । पिताको विछोड आमाको ईर्ष्याभाव र रत्नमानसँगको अनपेक्षित कथित विवाह पछि उसमा प्रतिशोधको ज्वाला दन्कन थाल्छ (बराल र एटम् २०५६:१४०) मानसिक पीडा यसरी प्रकट गरिएको छ । छुरीको प्रहारभन्दा पनि बलवान् सावित भयो । जो यातना म दिन चाहन्थे म त्यसमा सफल भएँ । मलाई अरू क्यै कुरामा पनि अफसोस थिएन । (पृ.१३२) निष्कर्षमा भन्दा अनुराधा यस उपन्यासकी मनोविश्लेषणीय पात्र हो । ऊ स्वाभाविक रूपमा प्रेम र यौनतुष्टिको अपेक्षा गर्ने तर त्यो योजना असफल भएपछि परपीडनको बाटो रोज्ने र अन्ततः मानसिक विक्षिप्त पात्रका रूपमा देखा पर्छे ।

### ग) रत्नमान

रत्नमान यस उपन्यासको प्रमुख पुरुष पात्र हो । उसको पूरा नाम रत्नमान सिंह हो । उसले पूँजिवादी समाजको सामन्तवादी चिन्तनको प्रतिनिधित्व गरेको छ । ऊ शिक्षित, सचेत र चेतनशील भए पनि उसको चिन्तन र मानसिकता पुरानै खालको छ । ऊ स्वार्थी, हठी र शक्तिको आडमा अरूको आदर सम्मान गर्न

नजान्ने छली, षड्यन्त्रकारी, प्रतिकूल र वर्गीय पात्रका रूपमा रहेको छ । अनुराधाको सौन्दर्यबाट प्रभावित रत्नमान विवाह गर्न अनिच्छुक अनुराधालाई जालझेलद्वारा भित्र्याउन विभिन्न षड्यन्त्र गर्ने तर त्यसमा असफल पात्रका रूपमा रहेको छ । ऊ नारीको सौन्दर्यबाट आकर्षित तर नारी अस्मिताको कदर सम्मान नगर्ने सामन्ती प्रवृत्तिको पात्र हो । यस्ता पात्रहरू समाजमा भेटिन्छन् भन्ने कुराको सङ्केत उसले दिएको छ । अनुराधाका दृष्टिमा ऊ लुब्ध, धूर्त, काँतर, छली, क्षुद्र र पुरुषार्थहीन छ । यस्ता पुरुषलाई पति स्वीकार्न अनुराधा अनिच्छुक छ । तैपनि उसले मलाई छोडेन । मेरो लासलाई समेत उसले छोड्दैनथ्यो । मलाई त्यो रत्नमानको अनुहारको सम्झना हुने वित्तिकै शरीर नै के हुन्छ के, अनि त्यसै हुरी लिएर झम्टूँजस्तो । (पृ.१४६) समग्रमा भन्दा रत्नमान शक्ति र धनका आडमा अभिमान गर्ने पितृसत्तात्मक समाजको प्रतिनिधित्व गर्ने वासनात्मक यौनतुष्टिको अभावमा कुण्ठाबोध गर्ने पात्रका रूपमा देखिन्छ ।

### अन्य पक्ष

अनुराधा मनोविश्लेषणात्मक उपन्यास हो । यो अनुराधा र कोमलमानको मनोविश्लेषण गर्न केन्द्रित छ । यस उपन्यासमा चेतना र अचेतन मनको द्वन्द्व छ । अनुराधा अचेतन मनबाट पीडित छ भने कोमलमान चेतनमनबाट पीडित छ । यसैगरी उपन्यासमा नयाँ र पुराना पुस्ताका वीचको द्वन्द्व पनि छ । अनुराधा र कोमलमानले नयाँ पुस्ताको प्रतिनिधित्व गरेका छन् भने रत्नमान, आमा, दिदी आदि पात्रहरूले पुराना पुस्ताको प्रतिनिधित्व गरेका छन् । उपन्यासकार मल्ल नयाँ पुस्ताका साथ देखिन्छन् । दुई पुस्ता र दुई मान्यताका द्वन्द्वको प्रस्तुतीकरण अनुराधाको अर्को महत्वपूर्ण वैशिष्ठ्य हो । यसमा एकातिर अशिक्षित, अचेतनशील र परमपरावादी बुढो पुरानो पुस्ता र अर्कातिर शिक्षित, चेतनशील र आधुनिक मूल्य तथा मान्यता बोकेको नयाँ पुस्ता विचको टक्कर छ (गिरी, २०६९: १११) । यसका साथै प्रस्तुत उपन्यासमा समलिङ्गीहरूका वीचमा कलह देखाइएको छ । उदाहरणका रूपमा अनुराधा र उसकी आमाको कलह र रत्नमान र उसको भाइ समुद्रमानकोबीच सङ्घर्षलाई लिन सकिन्छ । समलिङ्गीहरूको कलहको मुख्यकारण साँचो प्रेमको अभाव नै हो । अनुराधा र उसकी आमाको कलह, रत्नमान र उसको भाइ समुद्रमानको वीच सङ्घर्ष र झैंझगडाले यसलाई सिद्ध गर्छ (रेग्मी, २०४०:३४)

### ३.४ भाषाशैली

मल्ल सरल गद्य भाषाशैलीका प्रयोग कर्ता हुन् । उनले यस उपन्यासमा तत्सम शब्दका साथै शिकार, जवाफदेही, अफसोस, बेचैनी, फगत, खारेजी, अगहनियाँ, गाछी, बयल, फजुल, इन्जेक्सन, तकलिफ, तुफान, बुँख्याचा बेवकुफी, सबकुछ, बदनामी, बेइज्जती, ट्रेजेडी, जवाफ, इशारा, वोर्डिङ जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । कतै लामा लामा मिश्र र संयुक्त वाक्यको प्रयोगले भाषा अलि जटिल बनेको पाइन्छ । शैलीका दृष्टिले यसमा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कतिपय ठाउँमा जटिल वाक्यको प्रयोग गरिए पनि समष्टिमा यस उपन्यासमा प्रयोग गरिएको भाषा सहज सरल हुनुका साथै शैली

नितान्त नवीन रहेको पाइन्छ ।

### ३.५ परिवेश

घटना घट्ने ठाउँ, घटना घटेको समय र वातावरणलाई परिवेश भनिन्छ । परिवेशका दृष्टिले प्रस्तुत उपन्यासमा कुनै स्थानविशेषको उल्लेख्य चित्रण गरिएको पाइदैन । समयका दृष्टिले एक-दुई वर्षको परिवेशलाई समेटिएको छ भने नयाँ र पुराना पुस्ताका वीचको द्वन्द्व एवम् तत्कालीन सङ्क्रमण काललाई उपन्यासले आफ्नो परिवेशमा समेटेको छ । स्पष्ट रूपमा परिवेशका रूपमा आएका वस्ती र सहरहरूमा काठमाडौं, वीरगन्ज र छेउछाउका वस्ती सिमरा एयरपोर्ट, अमलेखगन्ज, काठमाडौं गौशाला, वनकालीको जङ्गल, विमानस्थल, गुहेश्वरी मन्दिर, काठमाडौंका सडक, गल्ली र ठूला ठूला भवन, विराटनगर, भारतको दार्जिलिङ, कालिम्पोङ, लखनऊ (नेपाल बाहिरको) आदि ठाउँको उल्लेख भएको पाइन्छ ।

### ३.६ उद्देश्य

सामाजिकता र मनोविश्लेषणात्मक अनुराधाका विषयवस्तु हुन् तापनि मनोविश्लेषणलाई उपन्यासमा सर्वोपरि स्थान दिइएको छ । चेतन अचेतन मनको द्वन्द्वका माध्यमबाट रुग्ण, अस्वस्थ र विक्षिप्त मनस्थितिको चित्रण गर्नु उपन्यासको अभीष्ट देखिन्छ । कसैको बारेमा गरिने निर्णय उसको मनस्थिति विपरीत हुन नहुने, नारीलाई समय सापेक्ष हक अधिकार र स्वतन्त्रता प्रदान गर्नुपर्ने, आफ्नो हक अधिकारका निम्ति आफ्ना आमा बाबुसँग पनि लड्नु पर्ने, अन्यायी र दुष्ट पतिका विरुद्ध सङ्घर्ष गर्नुपर्ने, अनिच्छा र जवर्जस्ती ढङ्गबाट गरिएको कामले सफलता नपाइने, सबैको भावनाको कदर गर्नुपर्ने, जस्ता कुराहरूका साथै अनुराधा र कोमलमानको मनोविश्लेषण नै उपन्यासको उद्देश्य हो भन्न सकिन्छ ।

### ३.७ शीर्षक

मल्लका सबै उपन्यासका शीर्षकहरू नारी पात्रका नाममा चयन गरिएका छन् । प्रस्तुत उपन्यासको शीर्षक पनि उपन्यासकी प्रमुख नारीपात्र अनुराधाको नामबाट राखिएको छ । उपन्यासको कथावस्तु, पात्रको भूमिका, आद्योपान्त अनुराधाको मनस्थितिको चित्रण र विश्लेषण आदि सन्दर्भले उपन्यासको शीर्षक अनुराधा राखिनु उपयुक्त देखिन्छ ।

## ४. उपसंहार

आधुनिक नेपाली उपन्यासको दोस्रो चरणमा देखापर्ने अनुराधा मनोविश्लेषणात्मक उपन्यास हो । विजय मल्ल नेपाली उपान्यासजगत्‌का सफल मनोविश्लेषण कर्ता हुन् । प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु प्रयोग गरिएको यस उपन्यासले अनुराधाको सिङ्गो मानसिकताको अध्ययनका साथै मानसिक जगत्‌को विश्लेषण गर्ने काम गरेको छ । उपन्यासमा पात्रका अचेतन मनमा दमित इच्छा प्रकट गर्न प्रतीकको प्रयोग गरिएको छ । उपन्यासमा सामाजिक, पारिवारिक, विसङ्गति जस्ता विषयको सूक्ष्म सङ्केत गरिए पनि यसको मूल प्राप्ति र उपलब्धि भनेको मनोविश्लेषण नै हो भन्ने स्पष्ट हुन्छ ।

**सन्दर्भसूची**


कँडेल, घनश्याम (२०४०) *केही अन्वेषण केही विश्लेषण,* काठमाडौँ : भीमसेन थापा ।

गिरी, जीवेन्द्रदेव (२०६९) *अभिव्यक्ति र सिर्जना : व्यक्तित्व र समालोचना,* काठमाडौँ : साहित्य सन्ध्या, नेपाल ।

त्रिपाठी, वासुदेव (२०२८) *विचरण,* काठमाडौं : भानु प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (२०४३) *नेपाली उपन्यास र उपन्यासकार* (दोस्रो संस्क.) ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०) *नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दिपा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६) *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

मल्ल, विजय (२०६९) *अनुराधा,* (एघारौं संस्क.) ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारिप्रसाद (२०४०) *मनोविश्लेषणात्मक समालोचना,* काठमाडौँ : साझा प्रकाशन ।

सिवाकोटी, रमा (२०६२) *उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०६४) *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।